# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

★मिति २०७६।०८।१३ को पहिलो संशोधन सहित

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को २ (क) मा भएको व्यवस्था बमोजिम नगर प्रहरीको गठन, संचालन, व्यवस्थापन, नियमन गर्ने सम्बन्धी नीति तथा कानुन सम्बन्धित नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेको हुँदा यस बराहक्षेत्र नगरपालिकामा नगर प्रहरी गठन तथा संचालन सम्बन्धी कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१

## नगर प्रहरीको गठन

१) बराहक्षेत्र नगरपालिकामा १ जना कमाण्डर, १ जना सहायक कमाण्डर सहित ७ जना मध्ये एक तिहाई महिला नगर प्रहरी रहने गरी नगर प्रहरीको इकाई गठन हुनेछ । आवश्यकता अनुसार नगर कार्यपालिकाले दरबन्दी थप गर्न सक्नेछ । ★

२) नगर प्रहरीको कार्य क्षेत्र बराहक्षेत्र नगरपालिका भित्र रहनेछ ।

३) नगर प्रहरीहरु करार सेवा मार्फत नियुक्ति/परिचालन हुनेछन् ।

४) प्रत्येक वर्ष नगर प्रहरीहरुको करार अवधि कार्य सम्पादन, मुल्याङ्कनको आधारमा सम्झौता गरिनेछ ।

## परिच्छेद-२

## सेवा, सुविधा र शर्त

१) नगर प्रहरी, सहायक कमाण्डर र कमाण्डरलाई दिइने मासिक पारिश्रमिक दर्जा अनुसार र राशन खर्च नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । ★

२) नगर प्रहरीले २४ सै घण्टा ड्युटी गर्नुपर्नेछ । कमाण्डरले ड्युटी सिफ्ट बनाई परिचालन गर्नु पर्नेछ ।

---

★ मिति २०७६।०८।१३ को पहिलो संशोधन सहित ।

★ मिति २०७६।०८।१३ को पहिलो संशोधन सहित ।

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

## परिच्छेद-३

## नगर प्रहरीको नियुक्ति

१) करार सेवाको लागि १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन हुनेछ ।

२) नगर प्रहरीको उम्मेदवार हुन २० वर्ष उमेर पुरा भई ४० ननाघेको ।

३) कमाण्डार र सहायक कमाण्डरको हकमा १८ देखि ४५ वर्ष ननाघेको हुनु पर्नेछ साथै विभागिय तालिम शिक्षक भएकालाई प्राथमिकता दिइनेछ ।

## परिच्छेद-४
## नगर प्रहरीको योग्यता

१ ) कमाण्डर र सहायक कमाण्डरले न्युनतम एस.एल.सी. वा सो सरह उत्तिर्ण गरेको हुनु पर्नेछ र अन्यको हकमा कक्षा ८ उत्तिर्ण गरेको हुनु पर्नेछ ।

२) म्यादी प्रहरीको अनुभव भएको वा सर्वसाधारणबाट नगर प्रहरीको जवान छनौट गरिनेछ ।

३) कमाण्डरको हकमा नेपाल प्रहरी वा सशस्त्र प्रहरी भए सहायक प्रहरी निरीक्षक वा नेपाली सेनाको भए सोही सरहको पदमा कम्तीमा ७ बर्षको सेवा अनुभव भएको र सहायक कमाण्डरको हकमा नेपाल प्रहरी वा सशस्त्र प्रहरी भए हवल्दार वा नेपाली सेनाको भए सोही सरहको पदमा कम्तीमा ७ बर्षको सेवा अनुभव भएको र दुवै पदका लागि कुनै विभागिय कारवाही नभएको उम्मेदवार हुनु पर्नेछ ।

## परिच्छेद-५
## नगर प्रहरीको पोशाकको रंग र लोगो

१) नगर प्रहरीहरुको पोशाक फिक्का हरियो रंगको वर्दी हुनेछ, कपडाको जुत्ता कालो र छालाको जुत्ता प्रयोग गरेमा कालो रंगको बुट हुनेछ र सोमा बराहक्षेत्र नगरपालिका लेखिएको बायाँ पाखुरामा रहनेछ ।

२) दर्ज्यानी चिन्हको रुपमा नगर प्रहरी जवानलाई रातो रंगको २ धर्के लोगो, सहायक कमाण्डरलाई रातो रंगको १ फुली र कमाण्डरलाई रातो रंगको २ फुली चिन्ह हुनेछ ।★

---
★ मिति २०७६।०८।१३ को पहिलो संशोधन सहित ।

## परिच्छेद-६

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

१) नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको सुरक्षा र संरक्षण गर्ने ।

२) नगरपालिकाका सम्पत्तीहरुको सुरक्षा र संरक्षण गर्ने ।

३) नगरभित्र हुने विभिन्न कार्यक्रम, साँस्कृतिक कार्यक्रम, समारोह, जात्रा, चाडपर्व, स्थानीय बजार तथा पार्किङ्ग स्थलहरुको सुरक्षा, रेखदेख तथा व्यवस्थापन गर्न सहयोग गर्ने ।

४) नगर सरसफाई सम्बन्धी कार्यमा सहयोग गर्ने ।

५) विपद् व्यवस्थापन सम्बन्धी प्राविधिक तालिम तथा कार्य गर्ने ।

६) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तीको अतिक्रमणको रोकथाम र नियन्त्रण गर्ने ।

७) नगरपालिकाले लगाएका करहरु (बहाल कर, सम्पत्ती कर तथा व्यवसाय एवम् अन्य करहरु) को संकलनमा आवश्यक सहयोग गर्ने ।

८) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

९) नगरपालिकाको उद्देश्य, हित विपरित कार्य गरेमा नगर कार्यपालिकाको निर्णयद्वारा निलम्बित हुनु पर्नेछ ।

१०) बराहक्षेत्र नगरपालिकामा रहेको दमकलको सुरक्षा, संचालन र व्यवस्थापनको काम गर्नु पर्नेछ ।

## परिच्छेद-७

## छनौट विधि

१) महिलाको हकमा ५ फुट उचाई र पुरुषको हकमा ५ फुट २ इन्च उचाई भएको र शारिरीक तथा मानसिक रुपमा स्वस्थ्य भएको हुनु पर्नेछ । (निरोगिताको प्रमाण पत्र समेत पेश गर्नु पर्नेछ) ।

२) शारिरीक प्रयोगात्मक र मौखिक परीक्षा लिइनेछ ।

३) कुनै पनि फौजदारी अभियोगमा सजाय पाएको तथा नैतिक पतन हुने काम गरेको उम्मेदवारलाई छनौट गरिने छैन ।

४) बराहक्षेत्र नगरपालिका भित्रका उम्मेदवारलाई प्राथमिकता दिइनेछ । आवेदन दस्तुर वापत नगर प्रहरीलाई रु.३००।-, सहायक कमाण्डरलाई रु.५००।- र कमाण्डरलाई रु.१०००।- रुपैयाँ लाग्नेछ ।

५) नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

क) प्रमुख प्रशासकिय अधिकृत – संयोजक

ख) नगर प्रमुखले तोकेको १ जना अधिकृत – सदस्य

ग) प्रशासन शाखा प्रमुख – सदस्य सचिव

साथै नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

## परिच्छेद-८
## दण्ड/सजाय

१) नगर प्रहरीले बजारमा फिरौती उठाउने, प्रभावमा राखी कमिशन लिने, कुनै पनि ठगी कार्य गरेमा प्रचलित ठगी मुद्दा दायर गरी नगरपालिकाले कानुनी दण्ड/सजायको कानुनी कारवाही अघि बढाउन सक्नेछ । जागिर निलम्बन तथा करार सम्झौता रद्द गरी बर्खास्त समेत गर्न सक्नेछ ।

## परिच्छेद-९

## अन्य

१) अन्य कुराको हकमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम हुनेछ ।

२) यस कार्यविधिमा आवश्यक संशोधन बराहक्षेत्र नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**प्रमाणिकरण गर्नेको :**

**दस्तखत :**

**नाम थर :** विदुर प्रसाद खनाल

**दर्जा :** प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या :** ४

**कार्यालयको छाप :**